**मिति २०८०/०३/२४  गते आइतबार १४२औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. घर नक्सा अभिलेखिकरणको म्याद थप सम्बन्धमा।
३. घोराही उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८० कार्यान्वयन गर्ने सम्बन्धमा।
४. घोराही उपमहानगरपालिकाको क्षमता विकास योजना २०८०-२०८३ अनुमोदन गर्ने सम्बन्धमा।
५. परिवार नियोजन संघ दाङ शाखालाई परिवार स्वास्थ्य क्लिनिक संचालनको अनुमती दिने सम्बन्धमा।
६. जडीबुटी कवाडी जिवजन्तु कर र विज्ञापन करको ठेक्का आव्हान गर्ने सम्बन्धमा।
७. काँचो छाला व्यवसायीको बहालविटौली कर तोक्ने सम्बन्धमा।
८. वडा नं. ५ र ६को गुरुयोजना स्वीकृत सम्बन्धमा।
९. ठेक्का कालोसूचीमा राख्ने सम्बन्धमा।
१०. सुरक्षित आप्रवासन(सामी) कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक कक्षा संचालन सम्बन्धमा।
११. चोक नामाकरण विवाद सम्बन्धमा।
१२. टोलको मार्ग नामाकरण सम्बन्धमा।
१३. नमूना विद्यालय रकम  निकास सम्बन्धमा।
१४. कक्षा थपको अनुमति दिने  सम्बन्धमा।
१५. आर्थिक सहयोग सम्बन्धमा।
१६. नगर स्थापना दिवस समारोहको खर्च विवरण अनुमोदन सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र निर्माण भएका भवनहरुको नक्सापास(अभिलेखिकरण तथा कैफियत निर्माण सम्पन्न) सम्बन्धी मिति २०७९।११।२८मा प्रकाशित सूचना अनुसार मिति २०८०।०२।२६ गतेसम्म निवेदन दर्ता गराई २०८० असार मसान्तसम्म प्रमाणपत्र उपलब्ध गराउनुपर्नेमा उक्त समयमा सबै निवेदकहरुको स्थलगत अध्ययन गरी प्रमाणपत्र उपलब्ध गराउन नसकिने अवस्था रहेको हुँदा मिति २०८० जेष्ठ २६ गतेसम्म दर्ता भएका निवेदकहरुको घर नक्सापास  अभिलेखिकरण तथा कैफियत निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउन असोज मसान्तसम्म समयावधी थप गर्ने।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८० स्वीकृत गर्ने।

**निर्णय नं. ४**

रिभा डेभलपमेन्ट सपोर्ट प्रा.लि. भक्तपुरको सहजीकरणमा निर्णाण भई सामान्य व्यवस्थापन महाशाखाबाट पेश भएको घोराही उपमहानगरपालिकाको क्षमता विकास योजना २०८०-२०८३ स्वीकृत गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको स्थानीय तहमा स्वास्थ्य दर्ता अनुमती तथा नविकरण सम्बन्धी निर्देशिका, २०७६ को दफा ३ खण्ड (क) मा रहेको व्यवस्था अनुरुप र अनुसुची १ बमोजिमको अनुगमन समितिबाट नेपाल परिवार नियोजन संघ, दाङ घोराही शाखालाई परिवार स्वास्थ्य क्लिनिक सञ्चालनका लागि निर्धारित अनुगमन चेकलिष्टको आधारमा अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा संघलाई तपसिल बमोजिमका सेवा संचालन गर्ने गरी एक वर्षका लागि अस्थाई रुपमा परिवार स्वास्थ्य क्लिनिक सञ्चालनको अनुमति दिने।

**तपसिल**

- परिवार नियोजन सेवा
- प्रसुति सेवा
- सुरक्षित गर्भपतन सेवा
- मातृ तथा शिशु स्वास्थ्य
- प्याथोलोजी सेवा (इ ग्रुपको सेवा)
- यौनरोग तथा  एच.आइ.भि. एड्सको रोकथाम तथा उपचार सेवा

**निर्णय नं. ६**

६.१ घोराही उपमहानगरपालिकाको जडिबुटी कवाडी र जिवजन्तु कर तथा विज्ञापन कर संकलन सम्बन्धमा घोराही उपमहानगरापालिकाको आर्थिक ऐन २०८०ले तोकेको दररेटमा न्यूनतम कबोल अंक रु.२०,००,०००।–(बिस लाख) आगामी १ आ.व.को लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्का आव्हान गर्ने।

६.२ घोराही उपमहानगरपालिका भित्र विज्ञापन कर संकलनको लागि न्यूनतम कबोल अंक रु.२०,००,०००।–(बिस लाख) वार्षिक १० प्रतिशतले बढनेगरी ३ आ.व.को लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट ठेक्का आव्हान गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको वडा नं. १६ मा रहेको ल्याण्डफिल्ड साइट क्षेत्रभित्र काचो छाला हाडखोर संकलन उद्योग स्थापनाका लागि स्थान उपलब्ध गराइएकोमा उक्त स्थानमा निर्माण भएको घर टहराको मासिक रु.१५,०००।–(पन्ध्र हजार) घोराही उपमहानगरपालिकालाई बहालविटौली कर बुझाउने गरी निवेदक सोमराज रैदाससँग सम्झौता गर्ने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका आ.व. २०७९/०८०को स्वीकृत वार्षिक योजना अन्तर्गत वडा नं. ५ शहिद नेत्रलाल पार्क अम्बाखोली गुरुयोजना निर्माण र वडा नं. ६को कार्यालय परिसर गुरु योजना प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. ९**

तपसिल बमोजिमका निर्माण सेवाहरुलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (५) बमोजम जमानत जफत गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ उपदफा (१) ख, सार्वजनिक खरिद नियमावली २०६४को नियम १४१ बमोजिम कालोसूचीमा राखी थप कारवाही प्रक्रिया अगाडी बढाउन सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौमा सिफारिस गर्ने।

**तपसिलः**

| सि.नं. | बोलपत्र/बोलपत्र नं. | बोलपत्रदाताहरु | ठेगाना | कारण | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/RIVERBED/GSMC/03/079/080 हापुर खोला तेघरा गनार क्षेत्र १ | **Lokpriya Construction Sewa** | सुकीदह १ रोल्पा | सम्झौता नगरेको | |
| २. | NCB/RIVERBED/GSMC/04/079/080 हापुर खोला तेघरा गनार क्षेत्र २ | **Naya oli nirman sewa** | माडी ४ रोल्पा | सम्झौता नगरेको | |

**निर्णय नं. १०**

सुरक्षित आप्रवासन(सामी) कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालनका लागि वडा नं. ७,८,१२ र १५ छनौट गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. ६ खिरिट्टे चोकमा घनश्याम चोक बनाउने सम्बन्धमा नगरकार्यपालिकाको मिति २०७९।१२।०९ गते बसेको १३५औं बैठकले निर्णय गरेकोमा उक्त स्थानमा चोक नामाकरण सम्बन्धमा विवाद उत्पन्न भएकोले उक्त स्थानमा चोक नामाकरण गर्ने सम्बन्धमा सबै पक्षहरुको सहमती लिएर मात्र चोक नामाकरण गर्न सम्बन्धी सरोकारवालाहरुमा अनुरोध गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. १७ मा रहेको मयुर टोल विकास संस्था अन्तर्गत पर्ने सडकहरुको तपसिल अनुसार नामाकरणका १७ नं. वडा कार्यालयको च.नं.५१२६ मिति २०८०।०३।१९ गतेको पत्रको सिफारिस अनुसार अनुमती दिने ।

१. हरिद्वार स्कुलदेखि पूर्व अनिल नेपालको घरसम्मको बाटो- श्रीहरी मार्ग
२. जित बहाद र तामाङको किराना पसलदेखि पश्चिम कृष्ण प्रसाद आचार्यको घरसम्मको बाटो- पशुपती मार्ग
३. पुन हार्डवेयरदेखि पूर्व कूलोसम्मको बाटो- श्री गणेश मार्ग
४. महेश बस्नेतको घरको उत्तरतर्फकाव बाटो पूर्व जेष्ठ नागरिक भवनसम्मको बाटो- राधाकृष्ण मार्ग
५. महेश बस्नेतको घरको दक्षिणतर्फको बाटो पूर्व कुलोसम्मको बाटो – श्री शिव मार्ग
६. गाउँले कटेजदेखि रेशम खड्काको घरसम्मको बाटो -श्री हनुमान मार्ग
७. गाउँले कटेजदेखि पूर्व जगत वम्पालकाव घरसम्मको बाटो – श्रीराम मार्ग
८. टिकाराम खनालको घरदेखि पूर्व सोतासम्मको बाटो – बुटवल मार्ग

**निर्णय नं. १३**

पद्मोदय पब्लिक नमुना माध्यामिक विद्यालय भरतपुर दाङबाट नमूना विद्यालय अन्तर्गत यस आ.व.मा संघ सरकारबाट प्राप्त हुने रकम रु.५०,००,०००।–(पचास लाख) माग भई आएको सन्दर्भमा घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाको राय टिप्पणीका आधारमा रकम विद्यालयको खातामा निकासा दिने।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विद्यालयलाई कक्षाको अनुमति दिने सम्बन्धमा घोराही उपमहानगरपालिकाको मिति २०८०।०३।२० गते बसेको नगर शिक्षा समितिको बैठकको सिफारिस गर्ने निर्णयको आधारमा देहाय अनुसार कक्षा थप गर्ने।

**तपसिलः**

१. हिन्दु विद्यापिठ घोराही उपमहानगरपालिका वडा नं. १५ — कक्षा १२
२. मनकामना ई.बोर्डिङ स्कुल घोराही उपमहानगरपालिका वडा नं. १७ — कक्षा १२
३. श्री अम्बिका मा.वि. हर्नोक घोराही उपमहानगरपालिका वडा नं. १ — कक्षा ११
४. श्री बालकल्याण मा.वि. खैरा घोराही उपमहानगरपालिका वडा नं. ११ — कक्षा ११
५. भ्यालीटप इङलिस बोर्डिङ स्कल घोराही उपमहानगरपालिका वडा नं. ११ — कक्षा ११
६. श्री मा.वि. झिङ्नी बन्जारी घोराही उपमहानगरपालिका वडा नं. ३ — कक्षा १२

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकामा निम्न, व्यक्ति तथा समितिबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| क.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|
| १. | नारायण प्रसाद रोका<br>घोराही उपमहानगरपालिका वडा नं. १५ | १५,०००।- | मृतक आस बहादुर रोकाको काज किरिया खर्च |
| २ | मन्नु चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १७ | १५,०००। | मृतक उहाँको छोरा खुशीराम चौधरीको काज किरिया खर्च |
| ३ | सिर्जना कुवर<br>घोराही उपमहानगरपालिका वडा नं. १३ | १५,०००।- | मृतक रेसम बहादुर पुनको काज किरिया खर्च |
| ४ | जंग बहादुर सुनार<br>घोराही उपमहानगरपालिका वडा नं. ४ | १५,०००।- | काज किरिया खर्च |
| ५ | माया चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १० | १५,०००।- | काज किरिया खर्च |
| ६ | राष्ट्रिय जनमोर्चा जिल्ला समिति दाङ-देउखुरी | २०,०००।- | जिल्ला सम्मेलनका लागि |

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिकाको ४५औं नगर स्थापना दिवस समारोहमा (मिति २०७९।१०।१५मा सम्पन्न) भएको खर्च विवरण अनुमोदन गर्ने।